खण्ड ९ भागेश्वर, मंसिर ०९ गते, २०८२ साल (संख्या ६)

# भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

## भाग-२

**राजपत्रमा प्रकाशित मिति : २०८२।०८।०९**

**प्रमाणिकरण मिति : २०८२।०८।०५**

# कृषि,पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सम्वन्धी कार्यविधी,२०८२

भागेश्वर गाउँपालिका पशु सेवा तथा कृषि विकास शाखा द्वारा संचालन गरिने कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमलाई व्यवस्थित,पारदर्शी, प्रभावकारी र प्रतिफलमुखी बनाउन आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्वबोध गराउन भागेश्वर गाउँकार्यालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद १

१. **संक्षिप्त नाम र परारम्भः** (१) यस कार्यविधिको नाम कृषि,पशुपञ्छी तथा मत्स्य विकास कार्यक्रम सम्वन्धी कार्यविधि,२०८२ हुनेछ ।

(क) (२) यो कार्यबिधि भागेश्वर गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यक्रम"** भन्नाले भागेश्वर गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय पशु सेवा ईकाई तथा कृषि विकास ईकाईबाट संचालन हुने कृषि,पशुपन्छी तथा मत्स्य विकास सँग सम्बन्धित कार्यक्रम सम्झनु पर्दछ।

(ख) **"कार्यबिधि"** भन्नाले भागेश्वर गाउँपालिकाकोकृषि, पशुपञ्छी तथा मत्स्य विकास कार्यक्रम सम्वन्धी कार्यविधि,२०८२सम्झनु पर्छ।

(ग) **"गाउँपालिका"**भन्नाले भागेश्वर गाउँपालिकालाई सम्झनुपर्दछ ।

(घ) **"कार्यालय"** भन्नाले भागेश्वर गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) **"समिति"** भन्नाले यस दफा११ बमोजिमको कार्यक्रम कार्यान्वयन सहजिकरण समिति सम्झनुपर्दछ ।

(च) **"समुह"** भन्नाले १० वा सोभन्दा बढी कृषकहरु संगठित भई साविक जिल्ला कृषिविकास कार्यालय वा जिल्ला पशुसेवा कार्यालय वा गाउँपालिकामा दर्ता भएका कृषक समुह समेतलाई सम्झनुपर्दछ ।

(छ)**"निजी फार्म"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फार्म सम्झनुपर्दछ ।

(ज)**"कृषक"** भन्नाले भागेश्वर गाउँपालिका अन्तरगतका कृषकहरुलाई सम्झनुपर्दछ ।

(झ) **"शाखा/ईकाई"** भन्नाले भागेश्वर गाउँपालिका पशु सेवा शाखा/ईकाईतथा कृषि विकास शाखा/ईकाई सम्झनुपर्दछ।

## परिच्छेद – २

## कार्यक्रमको व्यवस्थापकिय पक्ष र संचलान बिधी एवंम प्रक्रिया

३.**कार्यक्रमको कार्यक्षेत्र र बजेटः** (१) संघिय सरकार,प्रदेश सरकारबाट कृषि,पशुपञ्छी तथा मत्स्य विकाससँग सम्बन्धित शसर्त अनुदान, बिशेष अनुदान तथा समपुरक अनुदानबाट प्राप्त कार्यक्रम/योजनाहरुको संघिय र प्रदेश कार्यन्वयन कार्यविधि प्राप्त भएको अबस्थामा सोही कार्यविधि अनुसार कार्यक्रम संचालन गरिनेछ र संघिय वा प्रदेश कार्यबिधि नभएको अवस्थाम यस कार्यविधिको अधिनमा रही कार्यक्रमहरु संचालन गरिनेछ।

(२) यस कार्यविधिको अधिनमा रही यस भागेश्वर गाउँपालिका,गाउँकार्यपालिकाबाट स्वीकृत कृषि,पशुपन्छी तथा मत्स्य विकास सँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ।

(३) अनुसूची -१ मा रहेका कार्यक्रमहरुको क्रियाकलाप तथा मापदण्ड बमोजिम कार्यक्रमहरु संचालन गरिनेछ।

(४) कार्यक्रम संचालनका लागी कार्यक्रमको प्रकृती,सम्भावना र आवश्यकताको आधारमा उपयुक्त क्षेत्र वा स्थान पहिचान गर्न सकिनेछ।

(५) कार्यक्रम संचालन गर्न क्षेत्र वा स्थान पहिचान भएमा सोही बमोजिमको स्थान र क्षेत्र पहिचान नभएको अबस्थामा कार्यक्रमको प्रकृति,स्थानिय आवश्यकता र सम्भावनाका आधारमा अन्य क्षेत्रमा समेत कार्यक्रम संचालन गर्न सकिनेछ।

४. **प्रस्ताव आव्हानः**(१) कार्यालयले अनुसूची -२ बमोजिमको ढाचाँमा (१५) दिनको समयासिमा तोकी सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नु पर्नेछ।सूचनामा अनुसूची -३ बमोजिमको लाभग्राही छनौट सम्बन्धी मापदण्डको आधारमा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव मागको सूचना यस गाउँपालिकाको कार्यालय र वडा कार्यालयको सुचना पाटीमा टासँ गर्ने र वेवसाइट तथा फेसबुक पेजमा समेत सार्वजनिक गर्न सकिनेछ।

५. **आवेदन पेश गर्नेः**(१) दफा (४) बमोजिमको सूचनाको अधिनमा रही लाभग्राहीले अनुसूची –४ बमोजिमको ढाचाँमा तोकिएका कागजात समेत संलग्न गरी निवेदन र अनुसूची -५ बमोजिमको ढाचाँमा संक्षिप्त कार्ययोजना सहितको आवेदन पेश गर्नु पर्नेछ।

६. **लाभग्राही छनौटः**(१) रितपूर्वक प्राप्त प्रस्तावको मुल्यांकन तथा छनौटका लागी दफा (११) को उपदफा (१) बमोजिमको समितिले अनुसूची – ४ बमोजिमका मुल्यांकन तथा छनौटका आधारमा मूल्यांकन तथा छनौट सम्बन्धी कार्य गरिनेछ। कार्यक्रमको मूल उदेश्यमा परिवर्तन नहुने गरी समितिले प्रस्ताव आव्हान गर्नु पुर्व नै मुल्यांकनका थप आधारहरु निर्धारण गर्न सकिनेछ।

(२) सम्बन्धित शाखाका प्राविधिक तथा समितिले प्रस्ताव छनौट गर्नु पूर्व आवश्यकता अनुसार स्थलगत अनुगमन गरिनेछ।

(३) बिगतमा अनुदान प्राप्त नगरेका लाभग्राहीलाई प्राथमिकता दिइनेछ।

(४) महिला कृषक समुह, महिला फर्म तथा महिला कृषकलाई प्राथमिकता दिईनेछ।

७. **सम्झौता गर्नुपर्नेः** (१) छनौट भएका प्रस्तावको कार्यान्वयनका लागी सम्बन्धित आवेदकसँग कार्यालयले अनुसूची ६ बमोजिमको ढाचाँमा द्विपक्षिय सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौता अनुसार कार्य सम्पादन गर्नु लाभग्राहीको दायित्व हुनेछ।

८. **अनुदानको सिमा तथा खर्चः** (१) यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा लागत अनुमानको आधारमा देहाय बमोजिम अनुदान सिमाभित्र रही संचालन गर्नु पर्नेछ।

(२) पुर्वाधार(खोर,गोठ)निर्माण/मर्मत/सुदृढीकरण तथा औजार उपकरण खरिदमा लागत अनुमानको बढीमा ५० (पचास)प्रतिशतसम्म ।

(३) व्यवसाय प्रवर्धन कार्यक्रममानश्ल सुधारका लागी बोका,राँगो,माछा भुरा,घाँसका बिरुवा,बेर्ना,बिउ लगायत खरिदमा बढीमा ८० (असि)प्रतिशत सम्म ।

(४) प्राविधिक सेवा प्रबाह (तालिम,गोष्ठी,प्रविधी हस्तारण,औषधि,खोप) कार्यक्रममा शत प्रतिशत।

(५) महिला तथा लक्षित बर्गका लागी कृषी तथा पशुपन्छीपालन कार्यक्रम अन्तरगत बिउ बिजन,कृषीजन्य सामाग्री, ग्रामिण कुखुरा/बंगुरका पाठापाठी/ बाख्रा वितरणमा शत प्रतिशत ।

(६) यस कार्यबिधि वमोजिम सन्चालन हुने कृषि विकास कार्यक्रमको अनुदान रकमको सिमा देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक कृषि पुर्वाधार निर्माणको हकमा शत प्रतिशत ।

(ख) सामुदायिक कृषि पुर्वाधारको निर्माण तथा मर्मत सम्भारको हकमा ८५(पचासी) प्रतिशत हुनेछ ।

(ग) निजि कृषि पुर्वाधार निर्माणको हकमा अधिकतम ५०(पचास) प्रतिशत हुनेछ ।

(घ) कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण सामग्री तथा कृषि मेशिनरी औजार उपकरणकोहकमा अनुदान सिमा ५० (पचास) प्रतिशत सम्म हुनेछ ।

(ङ) कृषि प्रसार सेवा, वाली संरक्षण सेवा, नविनतम प्रविधि प्रदर्शन, उत्पादन, नतिजा तथा तरिका प्रदर्शन, मिनिकिट वितरणको हकमा अनुदान सिमा शत प्रतिशत हुनेछ ।

(च) ५०% अनुदानमा वितरण गरिने कृषि औजार उपकरण, सामग्री, विउविजन आदीको सम्बन्धीत वडा कार्यालय सम्मको ढुवानी रकममा अनुदान सिमा शत प्रतिशन हुनेछ ।

(७) कार्यक्रम संचालन गर्दा अन्य खर्च सम्बन्धी बिषय प्रचलित कानुन र खर्च सम्बन्धी स्वीकृत मापदण्डको अधीनमा हुनेछ।

९. **अनुदान भुक्तानीः** (१) दफा ७ बमोजिम सम्झौता गरी कार्यक्रम संचालन गरेका लाभग्राहीले भुक्तानीका लागी तोकिएको समयभित्र कार्यालय समक्ष निवेदन पेश गर्नु पर्नेछ। कार्यालयले प्राप्त निवेदनको चेकजाँज तथा स्थलगत अनुगमन गरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रचलित कानुन अनुसार अनुदान रकम लाभग्राहीको बैङ्क खातामा भुक्तानी गर्नु पर्नेछ।

१०. **तालिम,भ्रमण,गोष्ठी र अनुगमनः** (१) लाभग्राहीलाई प्राविधीक ज्ञान र सिप प्रदान गर्न कार्यालयले तोकिएको कार्यक्रम सँग सम्बन्धित तालिम, भ्रमण,गोष्ठी,अनुगमन, तथा मूल्यांकन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलाप संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलाप संचालन गर्दा तोकिएको कार्यक्रममा विनियोजित कूल बजेटको बढीमा पाँच प्रतिशत सम्म खर्च गर्न सकिनेछ।

११. **कार्यक्रम कार्यान्वयन सहजिकरण समितिः** (१) यस कार्यविधी बमोजिमको कार्यक्रम कार्यन्वयनमा सहजिकरण गर्न गाउँपालिका आर्थिक विकास समितिका संयोजकको संयोजकत्वमा तपशिल बमोजिमको ७ (सात) सदस्यीय कार्यक्रम कार्यान्वयन सहजिकरण समिति रहनेछ।

संयोजक –आर्थिक विकास समिति संयोजक
सदस्य–प्रमुख प्रशासकीय अधिकृत
सदस्य –कार्यपालिकाबाट मनोनित एकजना महिला कार्यपालिका सदस्य
सदस्य – योजना शाखा प्रमुख
सदस्य–आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य – कृषि शाखा प्रमुख/ पशु सेवा शाखा प्रमुख
सदस्य सचिव – पशु सेवा शाखा प्रमुख/ कृषि शाखा प्रमुख

(२) उपदफा (१) वमोजिम समितिको वैठकमा कृषि कार्यक्रम कार्यान्वयन गर्न कृषि शाखा प्रमुख तथा पशु सेवा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न बसेको बैठकमा पशु सेवा शाखा प्रमुख सदस्य सचिव भई कार्य गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बैठकमा आवश्यकता अनुसार३ जना सम्म सम्वन्धित विषयक्षेत्रको विज्ञ तथा सरोकारवाला व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) यस कार्यविधिको अधिनमा रही समितिको कार्य विवरण देहाय अनुसारको हुनेछ।

(क) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति,समय र स्थनमा बस्नेछ।तोकिएको कार्यक्रम संचालनका लागी उपयुक्त कार्यक्षेत्र र क्रियाकलाप पहिचान,बजेट विस्तृतिकरण,सूचना प्रकाशन,आवेदन संकलन सम्बन्धी पुर्वतयारी तथा कार्य सम्पन्न गर्ने समेतको कार्यदिशा एकिन गरि कार्यक्रम संचालनको लागि जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

(ख)प्रस्ताव आव्हान पूर्व नै मुल्यांकन तथा छनौटका आधारहरु निर्धारण गर्नुपर्नेछ ।

(ग) संचालित कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
संगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

(घ) कार्यक्रम संचालनका क्रममा आइपरेका समस्याको समाधान गर्ने।

परिच्छेद – ३

१२. **अनुदानको दरुपयोगः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले प्राप्त अनुदानको दुरुपयोग गरेको वा असम्बब्धित क्षेत्रमा खर्च गरको पाईएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम कार्बाही हुनेछ।

१३. **दोहोरो सुबिधा लिन नपाउनेः** लाभग्राहीले तोकिएको कार्य गर्नका लागी एक भन्दा बढी निकाय वा तहबाट अनुदान प्राप्त गर्नु हुदैन तर अन्य साझेदारसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख भएको अबस्थामा दोहोरो नहुने गरी क्षमता बिस्तारका लागी अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

१४. **व्याख्या,संशोधन र बाधा अड्काउ फुकाउः** (१) यस कार्यविधिको कार्यन्वयनको सिलसिलामा कुनै दुबिधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ फुकाउ वा संशोधन गर्नु परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी स्पष्ट गर्न, बाधा अड्काउ फुकाउ गर्न वा कार्यविधि संशोधन गर्न सक्नेछ।

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुन्दरपश्चिम प्रदेश, नेपाल

## अनुसूची -१ (क)

(दफा (३) को उपदफा (१),(३) सँग सम्बन्धित)

पशु सेवा शाखा बाट संचालन गरिने पशुपन्छी तथा मत्स्य विकास सँग सम्बब्धित कार्यक्रमहरु

| क्र. | कार्यक्रमको नाम | गर्न सकिने क्रियाकलापहरु | न्युनतम मापदण्ड |
|---|---|---|---|
| १ | व्यावसायिकबाखा फार्म सुदृढिकरण/निर्माण कार्यक्रम | कृषकको आयआर्जनमा वृद्धि गर्न,बाख्राजन्य पदार्थको उत्पादन अभिवृद्धी गर्न र व्यवसायिक फर्म निर्माण तथा सुदृढीकरण गर्न यस कार्यक्रम अन्तरगत देहायका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।<br>(क) खोर निर्माण/सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ख) चरन वा आहार व्यवस्थापन<br>(ग) औषधी उपचार,परजिवि नियन्त्रण<br>(घ) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(ङ) बाख्रा वा बोका खरिद तथा ढुवानी | - बाख्रा व्यवसाय फर्म गरिरहेको कृषक हुनु पर्ने।<br>- कार्यक्रम सुरु हुनु भन्दा आगाडी कम्तिमा १० वटा माउ माख्रा भएको हुनुपर्ने।<br>- व्यवसायिक बाख्रा फार्म निर्माण तथा सुदृढीकरणका लागी प्रस्तावनाको आधारमा अधिकतम् १,००,०००।– (एक लाख मात्र) सम्म अनुदान रकम उपलब्ध गर्न सकिनेछ। |
| २ | महिला तथा लक्षित वर्गका लागी ग्रामिण कुखुरा प्रवर्धन कार्यक्रम | ग्रामिण कुखुरा प्रावर्द्धन तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्न देहाय बमोजिमका क्रियाकलापहरु गर्न सकिनेछ।<br>(क) खोर निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ख) आहार व्यवस्थापन<br>(ग) औषधी उपचार,परजिवि नियन्त्रण<br>(घ) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(ङ) ४-८ हप्ताका चल्ला खरिद तथा ढुवानी | -लक्षित वर्गले पेश गरको प्रस्तावनाको आधारमा ग्रामिण कुखुरापालन कार्यक्रमका लागी चल्ला खरिद,खोर निर्माण तथा व्यवस्थापनको लागी अधिकतम रु. ३००००।– (तिस हजार मात्र) वा सो रकम बराबरको सामाग्री तथा कुखुरा चल्ला वितरण गरिनेछ।खोर निर्माणमा ५०% अनुदान दिइनेछ।<br>- महिला तथा लक्षित वर्ग (दलित/जनजाती/एकल/विधवा/अपाङ्ग) लाई प्राथमिकता दिइनेछ। |

| | | | |
|---|---|---|---|
| ३ | व्यावसायिक बंगुर/पाडापाडी तथा कुखुरापालन कार्यक्रम | बंगुर/कुखुरा/रागाँभैसी(पाडापाडी) जन्य पदार्थको उत्पादनमा (मासु,दुध,अण्डा) आत्मनिर्भर हासिल गरी आयात प्रतिस्थापना तथा निर्यात प्रवर्द्धन गर्न साथै आयआर्जनमा वृद्धि गर्न यस कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलपा संचालन गर्न सकिनेछ।<br>-बंगुरको खोर निर्माण,सुधार तथा मल मुत्र व्यवस्थापन<br>-पाडापाडी खरिद तथा ढुवानी<br>-अण्डा तथा मासु उत्पादनका लागी कम्तिमा ४ देखी ८ हप्ते कुखुराका चल्ला खरिद ढुवानी<br>-पाडापाडीका लागी गोठ निर्माण,सुधार<br>-कुखुरा खोर निर्माण,सुधार<br>-आहार व्यवस्थापन<br>-जैविक सुरक्षा सम्बन्धी कार्यहरु | - पशुपन्छी फर्म दर्ता गरी व्यवसाय गरेको हुनु पर्ने<br>- महिला कृषक फर्म लाई प्राथमिकता दिईनेछ।<br>- बंगुरको हकमा कम्तिमा २ माउ भएको<br>- कुखुराको हकमा कम्तिमा ५ देखी १० वटा माउ चल्ला भएको हुनुपर्ने<br>-मासु तथा दुध उत्पादन गर्ने उदेश्यका साथ पाडापाडी पालन गर्ने गरको कृषक लाई प्राथमिकता।<br>यस कार्यक्रमका लागी प्रस्तावनाको आधारमा अधिकतम् २,००,०००।–(दुई लाख मात्र) सम्म अनुदान रकम उपलब्ध गर्न सकिनेछ। |
| ४ | गाईभैसी प्रवर्द्धन कार्यक्रम | - गोठ निर्माण वा सुधार तथा व्यवस्थापन<br>- भकारो सुधार/गोठ सुधार मलमुत्र व्यस्थापान<br>- चरन खर्क वा आहार व्यवस्थापन<br>- औषधि उपचार,परजिवि नियन्त्रण तथा खोप कार्य संचालन<br>- जैविक सुरक्षा सम्बन्धी कार्य<br>- स्थानिय स्तरमा दुध उतपादन तथा प्रशोधनका लागी आवश्यक समाग्री | कम्ती २ वटा माउ भैसि पालन गरेका व्यवसायिक कृषक हुनुपर्ने<br>यस कार्यक्रमका लागी प्रस्तावनाको आधारमा बढीमा १,००,०००।–(एक लाख मात्र) सम्म अनुदान उपलब्ध गर्न सकिनेछ।<br>भकारो/गोठ सुधार तथा मलमुत्र व्यवस्थापनमा अधिकतम् २०,०००।–(बिस हजारमात्र) सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। |
| ५ | बाख्रा पकेट विकास | कृषकको आयआर्जनमा वृद्धि गर्न,बाख्राजन्य पदार्थको उत्पादन अभिवृद्धी गर्न र व्यवसायिक फर्म निर्माण तथा | - बाख्रापालन गरेको कृषक हुनु पर्ने। |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम | सुदृढीकरण गर्न यस कार्यक्रम अन्तरगत देहायका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।<br>(च) खोर निर्माण/सुधार तथा मलमुत्र व्यवस्थापन<br>(छ) चरन वा आहार व्यवस्थापन<br>(ज) औषधी उपचार,परजिवि नियन्त्रण<br>(झ) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(ञ) बाख्रा वा बोका खरिद तथा ढुवानी | - कार्यक्रम सुरु हुनु भन्दा आगाडी कम्तिमा १० वटा माउ माख्रा भएको हुनुपर्ने।<br>- बाख्रा खोर निर्माण तथा सुदृढीकरणका लागी प्रस्तावनाको आधारमा अधिकतम् १,००,०००।– (एक लाख मात्र) सम्म अनुदान रकम उपलब्ध गर्न सकिनेछ।<br>- कृषक समुह,कृषक,फर्मले आवेदन दिन सकिने। |
| ६ | पशुपन्छी उपचार सेवा तथा औषधी व्यवस्थापन कार्यक्रम(औषधी खरिद, खोपव्यवस्थापन ,पशु स्वास्थ्य सिविर) | कृषकले पालन गरिरहेका पशुपन्छीमा कुनै पनि रोगका कारण आयआर्जन नोक्सान भन्ने नहोस उदेश्यले यस कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।<br>-औषधी खरिद र उपचार कार्य<br>-परजिवि नियन्त्रण पशु स्वास्थय सिविर संचालन<br>-खोप व्यवस्थापन कार्य | |

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय संगरकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

अनुसूची -१ (ख)

(दफा (३) को उपदफा (१),(३) सँग सम्बन्धित)

कृषि विकास कार्यक्रम

गाउँपालिका बाट संचालित हुने कृषि विकास कार्यक्रमहरु

| क्र.स | कार्यक्रमको नाम | क्रियाकलाप | कार्यक्रम संचालनका न्युनतम शर्तहरु |
|---|---|---|---|
| १ | तरकारी खेती प्रवर्धन कार्य क्रम | कृषकहरुलाई तरकारी खेती तर्फ अग्रसर गराई आयआर्जनमा वृद्धि गर्नको लागी देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>क) तरकारी विउ वितरण<br>ख) कृषकलाई विउ तथा मल वाफतको नगद प्रोत्साहन अनुदान वितरण<br>ग) कृषि यन्त्र उपकरण तथा सामग्री वितरण<br>घ) संरक्षित संरचना( प्लाष्टिक घर) निर्माण सहयोग | क) नगद प्रोत्साहन अनुदानको लागी व्यवसायिक रुपमा न्युनतम ३ रोपनि वा सो भन्दा माथि क्षेत्रफलमा तरकारी खेती गरेमा प्रति रोपनी बढीमा रु ३००० दरले अनुदान प्रदान गरिने छ ।<br>ख) संरक्षित संरचनामा तरकारी खेती गर्ने कृषकलाई प्राविधिक स्टिमेटको आधारमा वढीमा रु एक लाख अनुदान प्रदान गरिने छ।<br>ग) साना कृषकहरुलाई मागमा आधारित ५० % अनुदानमा तरकारी विउ वितरण गरिने छ । |
| २ | माटोको गुणस्त र सुधार कार्य क्रम | माटो गुणस्तर सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धी ल्याउन देहाय बमोजिमका क्रियाकलाप गर्न सकिनेछः<br>क) माटो जाँच सिविर संचालन<br>ख) माटो गुणस्तर सुधार सामग्री ( कृषि चुन, जैविक मल, जैविक विषादी आदी )वितरण<br>ग) माटो गुणस्तर सुधार सम्बन्धी कृषक क्षमता विकास कार्यक्रम | क) व्यवसायिक रुपमा तरकारी फलपूल खेति गर्ने कृषकहरुलाई मागको आधारमा माटो जाँच गरी माटो जाँच प्रतिवेदन अनुसारको गुणस्तर सुधारका सामग्री वितरण गरिने छ ।<br>ख) माटोको अवस्था हेरी वडा स्तरमा माटो जाँच शिविर संचालन गरिने |

| | | | |
|---|---|---|---|
| ३ | कृषक क्षमता विकास कार्य क्रम | कृषकहरुको क्षमता विकास गर्नको लागी देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>(क)कृषकको मागमा आधारित ज्ञान ,सिप अभिवृद्धि विकास तालिम( पालिका स्तरिय, स्थलगत )<br>(ख) नविनतम् प्रविधि प्रदर्शन कार्यक्रम<br>(ग) अन्तर जिल्ला कृषक भ्रमण | क) कृषकहरुको समस्या पहिचान गरी समस्या समाधानको लागी स्थलगत घुम्ती, वडा स्तर तथा गाउँपालिका स्तरका तालिम संचालन गरी कृषकको ज्ञान ,सिप र क्षमता अभिवृद्धि गरिने छ ।<br>ख) व्यवसायिक कृषकहरुलाई नविनतम प्रविधिबारे जानकारी गराउन अन्तर जिल्ला कृषक भ्रमण संचालन गरिने छ । |
| ४ | मौरी प्रबर्धन कार्य क्रम | मौरीपालन व्यवसाय प्रबर्धन गर्नको लागी देहाय वमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>(क) मौरी घार तथा गोला वृद्धि गर्न घार तथा गोला वितरण तथा घार व्यवस्थापन संरचना निर्माण<br>(ख) मौरिका अन्य उत्पादन ( प्रोपोलिस,मौरि बिष, रोयलजेली, कुट आदी) प्रवर्धन गर्न सामग्री तथा उपकरण वितरण<br>(ग) मह लगायत अन्य उत्पादनहरुको प्रशोधन तथा बजारीकरण प्रवर्धन गर्न महगुणस्तर जाँच तथा प्याकेजिङ, ब्राण्डिङमा सहयोग<br>(घ) असल मौरीपालन अभ्यासको बारेमा अभिमुखिकरण कार्यक्रम | क) न्युनतम १० घार वा मौरीगोला पालन गर्ने कृषकलाई मागको आधारमा घार, गोला तथा सामग्री वितरण गरिने छ ।<br>ख) बार्षिक रुपमा ५० कि.ग्रा. भन्दा बढी मह बिक्री गर्ने कृषकहरुलाई मह बजारी करणमा सहयोग गरिनेछ ।<br>ग) न्युनतम् ५० गोला मौरीपालन गर्दै आईरहेका कृषकहरुलाई घार व्यवस्थापन संरक्षण संरचना निर्माणमा सहयोग गरिनेछ।<br>घ) मौरी गोला सहितको उत्पादनशिल न्युनतम् १० घार वा सो भन्दा बढी मौरीपालन गर्नर कृषक लाई अधिकतम प्रतिघार रु.१०००।– मह उत्पादनमा अनुदान दिईनेछ। |

| | | | |
|---|---|---|---|
| ५ | कृषि उपज भण्डारण तथा वजारीकरण सहयोग कार्यक्रम | कृषकहरुले उत्पादित कृषि उपज भण्डारण तथा बजारीकरणका लागी देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>(क) कोल्ड स्टोरमा कृषि उपज भण्डारण शुल्क तथा ढुवानीमा अनुदान<br>(ख) स्थानिय उत्पादन प्याकेजिङ तथा ब्राण्डिङ सामग्रि सहयोग<br>(ग) स्थानिय बजारमा स्थानिय उत्पादित सामग्रि बिक्रि वितरण गर्ने स्थान भाडा तथा निर्माण सहयोग<br>(घ) संकलन केन्द्र निर्माण तथा मर्मत संभार | क) कोल्ड स्टोरमा बिउ आलु भण्डारण गर्न चाहने कृषकलाई बिउ भण्डारण शुल्कमा ५०% अनुदान प्रदान गरिने छ ।<br>ख) पसलखोली स्थानिय उत्पादन बिक्री वितरण गर्न चाहने व्यापारीलाई सामग्री ग्रेडिङ, प्याकेजिङ तथा ब्राण्डिङमा सहयोग गरिने ।<br>ग) बार्षिक रुपमा १०० क्विन्टल भन्दा वढी तरकारी उत्पादन हुने गाउँ बस्ती नजिकको सडक छेउछाउमा संकलन केन्द्र स्थापना गरिनेछ । |
| ६ | तरकारी , खाद्यान्न,दलहन तथा फलफुल नर्सरी बिरुबा वितरण कार्यक्रम | कृषकहरुलाई कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागी देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>(क) उन्नत विउ विजन तथा बोटबिरुवा वितरण<br>(ख) नयाँ उन्नत जातको मिनिकिट वितरण<br>(ग) नविनतम् प्रबिधि प्रदर्शन<br>(घ) विउ उपयोगमा नगद प्रोत्साहन अनुदान | कृषकको माग अनुसार बिउविजन उपलब्ध गराईने छ भने न्युनतम् ५ रोपनी वा सो भन्दा बढी क्षेत्रफलमा फलफुल बगैचा निर्माण गर्ने चाहने कृषकलाई बगैचा स्थापनामा सहयोग गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ७ | बाली संरक्षण कार्य क्रम | बालिनाली तथा बोटबिरुवामा रोग किरा बाट हुने क्षती न्युनिकरण गर्नको लागी देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>(क) जैविक तथा वनस्पति विषादी निर्माण प्रयोगमा सहयोग<br>(ख) बिभिन्न जैविक बिषादी, पासोहरु वितरण<br>(ग) विषादि प्रयोग सम्बन्धि कृषकहरुको क्षमता विकास<br>(घ) तुलनात्मक रुपमा सुरक्षित रसायनिक बिषादी वितरण | कृषकहरुको माग, प्राविधिक अनुगमन प्रतिवेदन का आधारमा बालिनाली तथा बोटबिरुबामा देखिएका रोगकिरा नियन्त्र तथा व्यवस्थापनको लागी जैविक विषादी, पासा तथा तुलनात्मक सुरक्षित विषादी वितरण गरिने छ । |
| ८ | रैथाने वाली प्रबर्धन कार्य क्रम | स्थानिय स्तरमा लोप भैरहेका रैथाने बाली हरुको प्रबर्धन गर्न देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>(क) रैथानेवाली पहिचान तथा सुचिकरण<br>(ख) रैथानेवाली उत्पादनमा नगद प्रोत्साहन अनुदान<br>(ग) रैथानेवाली परिकार निर्माण तथा पौष्टिक महत्व बारे क्षमता अभिवृद्धि कार्यक्रम<br>(घ) रैथानेवालीको विउको मिनिकिट वितरण<br>(ङ) रैथाने वाली प्याकेजिङ तथा ब्राण्डिङमा सहयोग | क) न्युतम २ रोपनी क्षेत्रफलमा रैथाने वाली (कोदो) लगाउने कृषकलाई प्रति रोपनी रु ७०० का दरले नगद अनुदान वितरण गरिनेछ ।<br>ख) कृषकको मागको आधारमा मिनिकिट वितरण गरिनेछ ।<br>ग) रैथानेवाली बिक्री वितरण गर्न चाहने स्थानिय व्यापारिलाई प्याकेजिङ, ग्रेडिङ तथा ब्राण्डिङमा सहयोग गरिनेछ । |
| ९ | युवा लक्षित आय आर्जन कार्य क्रम | युवाहरुको आयआर्जनमा वृद्धि ल्याउनको लागी देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>(क) बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई व्यवसायिक तरकारी खेतीमा अनुदान सहयोग<br>(ख) कृषि विषय अध्ययनगरी बेरोजगार बसेका युवाहरुलाई व्यवसायिक तरकारी खेतीमा अनुदान सहयोग | युवाहरुले पेश गरेको प्रस्तावित प्रस्तावनाका आधारमा अधिकतम रु एक लाख वा सो बराबरको विउविजन तथा सामग्रीमा ५०% अनुदान प्रदान गरिनेछ । |

| | | | |
|---|---|---|---|
| १० | लक्षित समुदाय आय आर्जन कार्यक्रम | लक्षित समुदायको आयआर्जनमा वृद्धी गर्नको लागी देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछः<br>(क) एकल महिला, विपन्न वर्ग, दलित, जनजाती, बालश्रममा रहेका बालबालिकाका अभिभावक आदी लाई तरकारी खेती तथा मौरीपालनमा अनुदान सहयोग | लक्षित वर्गहरुलाई पेश गरेको प्रस्तावित प्रस्तावना अनुसार अधिकतम रु ४० हजार वा सो बराबरको विउविजन तथा सामग्री अनुदान प्रदान गरिने छ । |
| ११ | सामुहिक तरकारी खेती कार्यक्रम | कृषि कार्यलाई आधुनिकिकरण गरी व्यवसायिकरण गर्नको को लागी युवाहरुलाई संगठित भई तरकारी खेति गर्न अग्रसर गराउन देहाय बमोजिमका क्रियाकलाप संचालन गरिनेछः<br>(क) सामुहिक तरकारी खेती गर्नको लागी जमिन भाडामा अनुदान<br>(ख) तरकारी खेती गर्न संरक्षित संरचना निर्माणमा अनुदान<br>(ग) कृषि कर्जा व्याजमा अनुदान<br>(घ) कृषि यन्त्रिकरण,सामग्री तथा सिचाई पुर्बाधार निर्माणमा अनुदान<br>(ङ) प्राङ्गारिक मलका लागी पुर्वाधार निर्माण हसयोग | दुई वा दुई भन्दा वढी युवाहरुले संयुक्तरुपमा व्यवसायिक रुपमा न्युनतम १० रोपनी वा सोभन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्न चाहने युवाहरुलाई पेश गरेको प्रास्तावनाको आधारमा ५० % लागत साझेदारी रहने गरी वढीमा रु ५,००,०००। अनुदान प्रदान गरिने छ । |

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सगरकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

अनुसूची -२

दफा ४ को उपदफा (१) सँग सम्बिधत)

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति........................

यस कार्यालयको आ.व. ........................ को स्विकृत बार्षिक कार्यक्रम अनुसार भागेश्वर गाउँपालिका कृषि/पशु सेवा शाखा द्वारा संचालन गरिने कृषि/पशुपन्छि तथा मत्स्य विकास कार्यक्रम अनुसार देहायका बमोजिमका कार्यक्रममा साझेदारी गर्न इच्छुक कृषक,कृषक समुह,निजि फर्म,सहकारी वा समितिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र निवेदन दर्ता गर्नु हुन यो प्रस्ताव आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटमासमावेश नगरिने ब्यहोरा समेत जानकारी गराईन्छ।

| **क.स.** | **कार्यक्रम** | **संख्या** | **अनुदान रकम रु.** | **कार्यक्रम लागू हुने क्षेत्र** | **लक्षित बर्ग समुदाय** | **मापदण्ड** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाचाँ तथा कार्यक्रम संचालन प्रक्रिया यस भागेश्वर गाउँपालिकाको बेबसाट www.bhageshwormun.gov.np पनि डाउनलोड गर्न सकिने छ वा सम्बन्धित वडा कार्यालयबाट पनि प्राप्त गर्न सकिने छ।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
संगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

अनुसुची -३
दफा ४ को उपदफा (१) संग सम्बिधत)
प्रस्ताव मुल्याकंन फारम

| क्र.स. | विवरण | अंकभार |
|---|---|---|
| १ | आवश्यक कागजातको संलग्नता | ६ |
| २ | लक्षित वर्ग क्षेत्र र मापदण्डको अनुरुप आबेदकको उपयुक्तत्ता | १२ |
| ३ | प्रास्तावित कार्ययोजना अनुरुपको सामाजिक,भौगोलिक र वातावरणिय उपयुक्तक्ता | १२ |
| ४ | कार्ययोजनामा प्रस्तवित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रम सँगको तालमेल | १५ |
| ५ | कार्ययोजनामा लागत साझेदारीको आँकलन | ५ |
| | | ५० |

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय संगरकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

अनुसूची -४

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

निवेदकको ढाचाँ

मितिः

श्रीमान कार्यालय प्रमुख ज्यु।

...........................................................

..............................................।

**बिषयः- प्रस्ताव पेश गरिएको बारे।**

तहाँ कार्यालयको मिति **...................** गतेको प्रकाशित सुचना अनुसार.................................. कार्यक्रम संचालन गर्न ईच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन गरेको छु। कार्यक्रममा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिबद्धता समेत ब्यक्त गर्दछौ।

निवेदकक

नामः

दस्तखत

सम्पर्क नं.

प्रस्तावको नाम र थरः

समुह,फर्मको नामः

स्थायी ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम संचालन हुने स्थानः

छापः

संलग्न कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. समुह,सहकारी, फर्म दर्ता/नविकरण भएको कागजातको प्रतिलिपिहरु,
३. समुह,समिति,सहकारीको कार्यक्रममा सहभागी हुने सदस्यहरुको नावावली सहित कार्यक्रममाग गर्ने निर्णयको प्रतिलिपि,
४. वडा कार्यालयको सिफारिस,
५. यसै प्रकृतिको कार्यका लागी विगत २ बर्ष देखी अनुदान नलिएको स्व –घोषणपत्र (ख)

अनुसुची –५

(दफा ५ को उपदफा (१) सँग सम्वन्धित)

संक्षिप्त कार्ययोजना

१.आवेदकको विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क नंबर | |
| दर्ता भएको भए दर्ता गर्ने निकाय र मिति | |

२.हालको व्यवसाय संलग्नता

| | | |
|---|---|---|
| हालको संलग्न व्यवसायको नाम | | |
| संचालित क्रियाकलापहरु | | |
| क्र.स. | हाल संचालित क्रियाकलापहरु | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| मुख्य उत्पादन र कारोवारको विवरण | | |
| हाल उत्पादन गर्ने गरिएका बस्तुहरु | बार्षिक परिमाण | कारोबार रकम |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| व्यवसाय बाट सिर्जित रोजगारी संख्या | | |

३.प्रस्तावित व्यवसायको विवरण

<table>
<tr><td colspan="2">संचालन गरिने व्यवसाय</td><td colspan="4"></td></tr>
<tr><td colspan="6">संचालन गरिने क्रियाकलापहरु</td></tr>
<tr><td>क्र.स.</td><td>हाल संचालित क्रियाकलापहरु</td><td>इकाई</td><td>परिमाण</td><td>दर</td><td>कुल लागत</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="6">लागत साझेदारी विवरण</td></tr>
<tr><td colspan="2">आवेदकले व्यहोर्ने रकम रु.</td><td colspan="2">अनुदान रकम रु.</td><td colspan="2">कुल जम्मा रु.</td></tr>
<tr><td colspan="2"></td><td colspan="2"></td><td colspan="2"></td></tr>
</table>

४.प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु

क.

ख.

ग.

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

अनुसूची – ६

(दफा ७ सँग सम्बब्धीत)

द्विपक्षिय सम्झौता पत्र

भागेश्वर गाउँपलिकाको आर्थिक बर्ष ................. को स्विकृत बार्षिक कार्यक्रम अनुसार .............................................. कार्यक्रम संचालन गर्न भागेश्वर गाउँपालिकाको कार्यालय , बगरकोट (यसपछी प्रथम पक्ष भनिने), र श्री .............................................................. ............................ ( यसपछि दोस्रो पक्ष भनिने ) बिच तपशिल बमोजिमका शर्तहरु परिपालन गर्ने गरि त्रिपक्षिय सम्झौता गरी दियौं/लियौं।

तपशिल

१. प्रथम पक्ष ................................ कार्यक्रमको लागि विनियोजित रु. ................।- मध्ये दोस्रो पक्षसगँ रू. **................................**बराबरको रकम साझेदारी गर्नेछ।

२. दोस्रो पक्षले साझेदारी बाफतको बाँकी रकमको व्यवस्था गरी डडेल्धुरा जिल्ला भागेश्वर गाउँपालिका नं. वडाको .............................. भन्ने स्थानमा यसै आर्थिक बर्षको असार महिनाको १५ गते सम्ममा कार्यक्रम सम्पन्न गर्नुपर्नेछ।

३. दोस्रो पक्षले प्रथम र दोस्रो पक्ष समक्ष पेश गरेको स्विकृत संक्षिप्त कार्ययोजना बमोजिमका सम्पुर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रहि सम्पन्न गर्नेछ।

४. कार्यक्रम संचालनका लागी आवश्यक निर्माण सम्बन्धि डिजाइन,इष्टिमेट,सुपरभिजन,बिल भर्पाइ र कार्य सम्पन्न प्रतिबेदन लगायतका कार्यहरु तथा निर्माण,खरिद,ढुवानि,संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानिबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भर्पाइ,कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानिका लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधरमा मनासिव ठहरे प्रथम पक्षले बैंक खातामा एकमुष्ठ भुक्तानि दिनेछ।

६. मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदन को आधारमा मनासिव ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्ता समेत साझेदारी रकमको भुक्तानि बैंक खाता मार्फत गर्नेछ। कार्यक्रम सम्बन्धी प्राविधिक सेवा टेवा समन्वय र सहजिकरण प्रथम पक्षले गर्नु पर्नेछ।

७. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चात को संचालन मर्मत सम्भार व्यवस्थापन,जोखिम र दिगोपनाका लागी गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रजित सबै प्रकारका दायित्व र जिम्वेवारी दोस्रो पक्षको हुनेछ।

९. दोस्रो पक्षले चौमासिक रुपमा कार्यक्रमको प्रगति उपलब्धि एवं कारोवार सम्बन्धी विवरण हरु स्थानिय तहको पशु सेवा शाखा तथा कृषी विकास इकाईमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. कार्यक्रम संचालनको क्रममा कुनै बिबाद आएमा दुवै पक्षको आपसि समझदारीमा समाधान गरिने छ।

११. प्रस्तावित कार्यक्रम संचालन गरिएको स्थानमा सहयोगि निकायको नाम सहित विस्तृत विवरण उल्लेख गरि दोश्रो पक्षले अनिवार्य बोर्ड राखु पर्ने छ ।

१२. खरिद भएका पशु बस्तुहरुको अनिवार्य रुपमा बिमा गर्नुपर्ने छ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पद |
| कार्यालयः | कार्यालयः |
| संस्थाको छापः | छाप |
| छापः | |

<u>रहोबर</u>

हस्ताक्षर

नामः

पदः

इति सम्बत .................. साल ........... महिना .........गते रोज ............ शुभम् ।

**<u>आज्ञाले</u>**

लक्ष्मी दत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका, डडेल्धुरा